नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :



<u>मितिः २०८० भाद्र ८ गते शुक्रवार</u>

कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका निकायहरूको सेवा प्रवाह लगायतका विषयहरूमा पशु सेवासँग सम्बन्धित विभिन्न पेशागत संघ संगठनहरूले माग गरेका विषयहरू प्रति यस मन्त्रालयको ध्यानाकर्षण भएको छ। तत् सम्बन्धमा यस मन्त्रालयले सम्वन्धित विषयहरु सम्बोधन गर्न गरेका प्रयासहरू तथा सत्य तथ्य निम्नानुसार रहेको व्यहोरा सम्पूर्ण सरोकारवालाहरूको जानकारीको लागि अनुरोध छ।

१. आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्यको बुँदा नं १६ र ४७ मार्फत यस मन्त्रालय मातहतका केहि संरचनाहरू खारेजी तथा पुर्नःसंरचनामा परेको सन्दर्भमा केहि कार्यालयहरूको बजेट LMBIS प्रणालीमा शुन्य रहेको विषयमा ती सबै निकायहरूको बजेट यस मन्त्रालयमा एकमुष्ट रुपमा विनियोजन गरिएको थियो।

२. चालु आ.व.मा शून्य बजेट प्रविष्टिका कारण केहि कार्यालय मार्फत प्रवाह गरिने सेवा प्रभावित भएकोमा यस मन्त्रालयको पहलमा अर्थ मन्त्रालय वाट ती कार्यालयहरुको पुनः बजेट प्रविष्टि कार्य फुकुवा भइसकेको छ र बजेट प्रविष्टको कार्य भईरहेको छ।

३. मन्त्रालय मातहतका निकायहरूको पुर्नःसंरचना सम्बन्धमा अध्ययन विश्लेषण समेतका आधारमा उपयुक्त संगठन संरचना प्रस्ताव गर्न यस मन्त्रालयको योजना तथा विकास सहायता समन्वय महाशाखाका प्रमुखको संयोजकत्वमा विभागीय प्रमुखहरू सम्मिलित संगठन संरचना पुनरावलोकन कार्यदल गठन गरिएको छ र उक्त कार्यदलबाट प्राप्त राय सुझावका आधारमा निकायहरूको पुर्नःसंरचना हुनेछ।

४. नेपालका सबै स्थानीय तहहरूमा पशु सेवातर्फका अधिकृत तथा प्राविधिक सहायकहरूको दरवन्दी स्वीकृत रहेको र सम्बन्धित स्थानीय तहहरू तथा प्रदेश लोकसेवाले पदपूर्ति निरन्तर गर्ने गरेका छन। साथै चालु आ.व.को स्थानीय तहहरूमा पठाइएको सशर्त अनुदानका कार्यक्रममा १६१ पालिकाहरूमा पशु चिकित्सा स्नातक भर्ना गर्न आवश्यक बजेट विनियोजन गरिएको र थप बजेट उपलब्ध भएमा बाँकी पालिकाहरूमा समेत पशु चिकित्सा स्नातक भर्ना गर्न बजेट विनियोजन गर्न मन्त्रालयले पहल गरिरहेकोछ।

५. हाल देशमा प्रकोपको रुपमा देखा परेको लम्पी स्किन रोगको नियन्त्रणका लागि सबै प्रदेश र स्थानीय तहहरूमा बजेट विनियोजन भइसकेको र केहि स्थानहरूमा अभियानमूखी खोप कार्यक्रम सम्पन्न भइसकेको छ। देशभित्र नै लम्पी स्किन रोगको खोप उत्पादन गरी किसानहरूलाई निःशुल्क रुपमा उपलब्ध गराउने प्रयोजनका लागि लम्पी स्किन भाइरसको सिड प्राप्त गर्न मित्र राष्ट्रहरूमा पहल भइरहेको छ।

२०८०/०५/०८

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौ
नेपाल

पत्र संख्या :
च.नं. :

६. लम्पी स्किन रोग नियन्त्रणका लागि हाल प्रयोगमा रहेको homologous लम्पी स्किन खोपका अतिरिक्त छिमेकी मुलुकहरूको अनुभव र अभ्यास, विश्व पशु स्वास्थ्य संगठनको सिफारिस र नेपालका पशु चिकित्सा विज्ञहरू समेतको रायका आधारमा गोट पक्स खोप आयात र प्रयोग गर्न सहमति यस मन्त्रालयबाट प्रदान गरिएको छ।

७. लम्पी स्किन रोगका कारण पशुधन क्षति भएका किसानलाइ राहत उपलब्ध गराउन आवश्यक मापदण्ड मन्त्रालयवाट तयार भई नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृतिको प्रकृयामा रहेको छ।

८. आगामी दिनमा लम्पी स्किन रोग नियन्त्रण कार्य प्रभावकारी बनाउन यस मन्त्रालयले लम्पी स्किन रोग नियन्त्रणको कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिमा पेश गरिसकिएको छ। साथै उक्त कार्ययोजना कार्यान्वयनका लागि आवश्यक बजेट अर्थ मन्त्रालयबाट माग गर्ने प्रकृयामा रहेको छ।

९. बर्डफ्लु रोगको नियन्त्रणका लागि हाल नेपाल सरकारबाट स्वीकृत "बर्ड फ्लु रोग नियन्त्रण नियमावली, २०७८", "बर्ड फ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुको राहत सम्बन्धी मापदण्ड, २०७८" बमोजिम कार्यहरू भइरहेको र उक्त रोग नियन्त्रण तथा रोकथामलाई थप प्रभावकारी बनाउन प्रयास जारी रहेको छ।

१०. अफ्रिकन स्वाइन फिभर रोगबाट प्रभावित किसानहरूलाई पुर्नःस्थापना कार्यक्रमहरू सञ्चालन गर्न समेत यस मन्त्रालय र सम्वन्धित प्रदेशहरमा छलफल जारी रहेको छ।

११. पशुपन्छीहरूमा देखा पर्ने सङ्क्रामक रोगहरूको नियन्त्रण तथा रोकथामलाई थप प्रभावकारी बनाउन सङ्क्रामक पशु रोग नियन्त्रण विधेयकको मस्यौदा तयार भई प्रदेश तथा स्थानीय तहहरूको समेत राय सुझाव संलग्न गरी स्वीकृतिको प्रकृयामा रहेको छ।

पशुपन्छि विकास क्षेत्रका समस्या समाधानकोलागी नेपाल सरकार, कृषि तथा पशुपन्छि विकास मन्त्रालय निरन्तर प्रयासरत रहेको सन्दर्भमा सेवा अवरुद्द हुने गरि कुनै कार्य नगर्न संवाद र छलफलको माध्यमबाट समस्या समाधान गर्न सम्वन्धित सरोकारवाला सबैलाई मन्त्रालय हार्दिक अपिल गर्दछ।

2080।04।08

डा.तपेन्द्र प्रसाद वोहरा
सह-प्रवक्ता